# रावा बेसी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हरमटार कुभिण्डे, खोटाङ
१ नं प्रदेश, नेपाल

Website :rawabesimun.gov.np

Email Adress:rawabesigaupalika@gmail.com

**पत्र संख्या :-२०७८/०७९**
**चलानि नं.**

## किसान सूचिकरण सहजकर्ता करार सेवाको लागि दरखास्त आव्हान गरिएको सूचना ।

**सूचना प्रकाशित मिति २०७८।१०।२३**

प्रस्तुत विषयमा यस रावा वेसी गाउँपालिका कृषि विकास शाखाको आ.व.२०७८।०८९ को बार्षिक स्वीकृत शसर्त कार्यक्रम तर्फको किसान सूचिकरण कार्यक्रम अनुसार किसान सूचिकरण कार्यक्रम कार्यन्वयन कार्यविधि २०७७ अन्तर्गत खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि एन,२०७५ को दफा १४ को उपदफा १ कार्यन्वयनका लागि किसानको पहिचान गरि सरकारी तवर बाट किसानहरूलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिबृदि गर्न कृषि,पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम प्रयोजनार्थ किसानहरूको आवश्यक विवरणहरू विधुतिय प्रणाली मार्फत सकलन गरि किसान सूचिकरण गर्ने कार्यक्रम रहेको व्यहेरा सवैको जानकारीको लागि अनुरोध छ ।साथै उत किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम यस गाउँपालिकाको ३ वटा वडाहरूमा तथ्याङ्क सकलनको लागि सहजकर्ता छनोट गर्नु पर्ने भएकाले तपशिलमा उल्लेखित योग्यता पुगेका व्यतिहरूले यो सूचना प्रकाशन भएको मितिले ७ दिन मिति २०७८।११।१ गते भित्र यस गाउँपालिकामा आवेदन दर्ता गराउन हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिए छ । म्याद नाघि वा रित नपुगी प्राप्त हुन आएमा उत आवेदन उपर कुनै कार्वाही हुने छैन ।

१) आवश्यक सहजकर्ता माग **सख्या ९ जना**

२) पद.किसान सूचिकरण सहजकर्ता(गणक)

३) आवश्यक शैक्षिक योग्यता .

- न्यूनतम् १२ कक्षा उर्तिण ।
- कम्प्युटर सम्बन्धि आधारभुत तालिम लिएको हुनु पर्ने छ ।
- एन्ड्रोयड वा स्मार्ट फोन,ट्यावेलेट ल्यापटप मध्ये कुनै एक अनिवार्य भएको हुनु पर्ने छ ।
- कृषि तथा पशु विषय अध्ययन गरेका साथै स्थानीय आवेदक लाई पहिलो प्राथमिकता दिइने छ ।

४) दरखास्त साथ सलग्न गर्नु पर्ने कागजातहरू

- कार्यालय बाट निर्धारित ढाँचाको निवेदन फारम ।
- हालसालै खिचिएको पास पोर्ट साइजको ३ प्रति फोटो ।
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- तालिम तथा अनुभवको प्रमाणित प्रतिलिपि ।

५) उमेरको हक पुरूषको हकमा १८ बर्ष पुरा भै ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको

५) तलव सुविधा तथा अन्य शर्तहरू

- कृषक घरधुरी सख्या (किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७) अनुसार हुने । समयावधि १ महिना

६) दरखास्त बुझाउने स्थान गाउँपालिकाको कार्यालय,हरमटार,कुभिण्डे खोटाङ

७) परिक्षाको किसिम . मोखिक अन्तरवार्ता र प्रयोगात्मक ८) दरखास्त शूल्क रू १०० ( एक सय मात्र)

थप जानकारीको लागि ९८१६७८७२३२,९८२५७५४५८५,९८१३८००३१०